# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७६/७७
च.न.:

मितिः- २०७६/०५/१५

## कवाडी संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७६/०५/१५)**

यस गाउँपालिका भित्र रहेका विभिन्न प्रकृतिका **कवाडीजन्य पदार्थ** जस्तै खाली सिसा, प्लाष्टिक, कागज, गत्ता, खाली, पेक, खाली बोरा, फलाम आदि संकलन तथा निकासी बन्दोबस्त गर्ने प्रयोजनका लागि तपशीलको शर्तबमोजिम इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र तोकिएको दस्तुर बुझाई दरभाउपत्र फाराम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशीलः-**

१. खरिद गरिएको दरभाउपत्र फाराममा कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिमार्फत १६ औं दिनको १२:०० बजेसम्म सिलबन्दी गरी यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। म्याद नाघेको वा रीत नपुर्याइ पेश हुन आएको सिलबन्दी उपर कुनै कारवाही हुने छैन । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोही दिनको भोलिपल्ट पेश गर्नु पर्नेछ। यसरी दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ।

२. सबैभन्दा उच्च रकम कबोल गरिएको सिलबन्दी दरभाउपत्र स्वीकृत हुनेछ र सम्बन्धित व्यक्ति वा फर्मले स्वीकृत कवोल अंकको ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्नु पर्ने छ।

३. कुनै पनि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग रहने छ।

४. कवाडी उठाउने क्षेत्र एवम् न्युनतम रकम देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | कवाडी उठाउन पाउने क्षेत्र | न्युनतम रकम रु. भ्याट सहित | राजश्व रकम रु |
|---|---|---|---|
| १ | सत्यवती गाउँपालिका क्षेत्रभर | २,००,०००।- | १,०००।- |

२०७६।५।१५

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np